**मिति २०७५ असोज २८ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. धान बाली सम्बन्धमा ।
२. जग्गा खरिद सम्बन्धमा ।
३. स्काईभेटर र ठूला मेसिन खोलामा हाल्ने सम्बन्धमा ।
४. ड्राईभरको सेवा सुविधा सम्बन्धमा ।

**निर्णय नं. १ :**

गोदावरी नगरपालिका वडा नं. ६ भुयारा नयाँटोल बस्ने श्री लाल सिंह महरले १ विगाहा जग्गामा बर्खे खेतीका लागी सर्जु ५२ जातको बिउ लगाएको र उक्त जातको खेतीमा किराको प्रकोपका कारण पुरै खेती नष्ट भएको भनी प्रहरीको मुचुल्का, वडा कार्यालयको सिफारिस र कृषि शाखाबाट भएको स्थलगत अनुगमनबाट खुल्न आएको हुँदा ११ जनाको परिवारमा अन्य आयस्रोत नभई कृषीमा आश्रित रहेकोले निजलाई राहत स्वरुप रु. २५,०००।- (पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

गोदावरी नगरपालिकाले वडा नं. २ तेघरीमा कार्यालयको प्रशासनिक भवन निर्माणका लागी खरिद गरेको जग्गा अपुग भई हल निर्माण र पार्किङ्गका लागी समस्या आउने देखिएकोले उक्त जग्गासँग जोडिएको ६ कट्टा जती जग्गा आवश्यक परेको हुँदा जग्गा खरिदका लागी समिति निर्माण गर्ने र जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

नदी/खोलाको अवस्था बुझि सो सम्बन्धी आवश्यक निर्णय गर्न तथा नदी/खोलामा स्काईभेटर तथा ठुला मेशनरी औजारको प्रयोग सम्बन्धी अनुमती दिनका लागी तपसिल बमोजिमका सदस्य रहेको नगरस्तरिय कार्यदल गठन गर्ने निर्णय गरियो । साथै नगरपालिकाको अनुमती नलिई नदी/खोलामा स्काईभेटर तथा ठुला मेशनरी प्रयोग गरिएको भेटिएमा खोलाबाट झिक्न लगाउने र अटेर गरेमा कानूनी कारवाहीका लागी प्रक्रिया अगाडी बढाउने निर्णय समेत गरियो ।

| | | |
|---|---|---|
| श्री नगर प्रमुख | - | संयोजक |
| श्री उप प्रमुख | - | सदस्य |
| श्री नगर प्रमुखले तोकेका कार्यपालिका सदस्य २ जना | - | सदस्य |
| श्री नगर स्तरिय वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | - | सदस्य |
| श्री नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| श्री पमुख तथा प्रतिनिधी ईलाका प्रहरी कार्यालय मालाखेती | - | सदस्य |
| श्री प्रमुख तथा प्रतिनिधी सब डिभिजन वन कार्यालय | - | सदस्य |
| श्री निर्माण व्यवसायी संघको नगरस्तरिय प्रतिनिधी | - | सदस्य |

**निर्णय नं. ४ :**

गोदावरी नगरपालिकाका सवारी चालकहरुले कार्यालयको अतिरिक्त समय भन्दा बढी काममा खट्नु पर्ने भएको हुँदा खाना/खाजा वापत दैनिक रु. २५०।- दरले २०७५ असोज १ गते देखि लागु हुने गरि खाना/खाजा वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।